सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश
०७5-WO-1075
विषयः– परमादेशसमेत।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साविक वडा नं. ३२ हाल परिवर्तित वडा नं. २९ अनामनगर स्थित कानून न्याय तथा सामाजिक कल्याण मञ्च, नेपालकोतर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमासमेत ऐजन बस्ने वर्ष 4९ को यस मञ्चका अध्यक्ष अधिवक्ता जगन्नाथ मिश्र------------------------------------------------------------१

ऐजन मञ्चको कार्यसमिति सदस्य पदमा कार्यरत ऐजन वडा नं. 15 डल्लु बस्ने वर्ष 43 की सुमिता डंगोल---------------------------------------------------------------१

ऐजन मञ्चको कार्यसमिति सदस्य पदमा कार्यरत ऐजन वडा नं. 32 बस्ने वर्ष 39 को नविन कार्की---------------------------------------------------------------------१

ऐजन मञ्चको कार्यसमिति कोषाध्यक्ष पदमा कार्यरत रही ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. 2 बस्ने वर्ष 46 की शारदा गुरुङ्ग-------------------------१

निवेदक पक्ष

विरुद्ध

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ-----------------------------------------------------------------------१

माननीय अर्थमन्त्री, अर्थमन्त्रालय, सिंहदरवार, काठमाण्डौ------------------------१

अर्थमन्त्रालय, सिंहदरवार, काठमाण्डौ------------------------------------------------१

माननीय गृहमन्त्री, गृहमन्त्रालय, सिंहदरवार, काठमाण्डौ-------------------------१

गृहमन्त्रालय, सिंहदरवार, काठमाण्डौ------------------------------------------------१

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौ--------------------१

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाण्डौ---------१

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौ------------------------१

प्रहरी प्रधानकार्यालय, नक्शाल, काठमाण्डौ-----------------------------------------१

आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौ----------------------------------१

भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ-------------------------------------------------१

विपक्षी प्रतिवादी

नेपालको संविधानको धारा ४६ तथा धारा 1३३ को उपधारा (2) वमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत दायर हुनआएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेशबेहोरा यसप्रकार रहेकोछः-

१. नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई सम्मानपूर्वक बाँच्नपाउने हक (धारा १६), समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), स्वच्छ वातावरणको हक (धारा ३०), स्वास्थ्यसम्बन्धी हक (धारा ३५), खाद्यसम्बन्धी हक (धारा ३६), महिला हक (धारा ३८), उपभोक्ताको हक (धारा ४४) लाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। साथै संविधानप्रदत्त मौलिक हकको प्रचलनको लागि संवैधानिक उपचार पाउने हकलाईसमेत मौलिक हककैरुपमा प्रत्याभूत गरिएको छ। संविधानको उद्देश्य र मौलिक हकको कार्यान्वयनको लागि विभिन्न कानूनहरु विधायिकाबाट पारित भई लागू भएका छन्। यसैसिलसिलामा मदिरा ऐन, २०३१ र अन्तःशुल्क ऐन, २०५८ विधायिकाले पारित गरी हालसम्म लागू रहेका कानूनहरु हुन्। मदिरा ऐन, २०३१ को मुख्य उद्देश्य नै **“सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नका निम्ति मदिराको उत्पादन, बिक्रीवितरण र निकासी पैठारीमा समेत नियन्त्रण गर्ने”** भन्ने रहेको छ। साथै संविधानको धारा ४४ को उपधारा (१) मा **“प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ”** भनी र

धारा ४४ को उपधारा (२) मा **"गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको ब्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ"** भनी स्पष्ट रुपले मौलिक हकमा नै ब्यवस्था गरी दिएको छ, भने गुणस्तरीय वस्तु तथा सेवा प्राप्तगर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न उपभोक्तालाईप्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुनसक्ने हानि, नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउनेसमेत उदेश्यले उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भई लागू भएको छ।

त्यस्तै मुलुकको आर्थिक विकासको लागि आवश्यक राजश्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजश्व परिचालन बढाउनेसमेतका उद्देश्य राखी अन्तःशुल्क ऐन, २०५८ विधायिकाले तर्जुमा गरी नेपाल राज्यभित्र लागू गरेका छन्। साथै सो ऐनहरु कार्यान्वयन गरी ऐनको उद्देश्य परिपूर्ति गर्नका लागि नेपाल सरकारले मदिरा नियमहरु, २०३३ र अन्तःशुल्क नियमावली, २०५९ तर्जुमा गरेका छन्। यी ऐन तथा नियमहरुको मूल उद्देश्य नै आम सर्वसाधारण नागरिकको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम गर्नु हो भन्ने कुरामा कोही कसैको विमति छैन।

मदिरा ऐन, २०३१ को दफा २ (क) मा "मदिरा" शब्दलाई परिभाषा गरेको छ। सोही ऐनको दफा ३ मा अनुमतिपत्रबेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएका शर्तबमोजिमबाहेक मदिराको उत्पादन गर्न नपाउने व्यवस्था गरेको छ। दफा ४ बमोजिम अनुमतिपत्रबेगर र अनुमतिपत्र पाएकोले पनि तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्रीवितरण गर्न वा मदिरा पिउने बार, रेष्टुरेन्ट वा पसल थाप्न नपाउने ब्यवस्था गरेको र खुला रुपमा १८ वर्षभन्दा कम उमेरका ब्यक्तिलाई मदिरा बिक्रीवितरण गर्न रोक लगाएको छ। सोही ऐनको दफा ५ मा अनुमतिपत्रमा तोकिएको शर्तबमोजिमबाहेक मदिराको निकासी वा पैठारी गर्न नपाउने गरी मदिराको निकासी पैठारी गर्न नियन्त्रण गरेको छ।

उक्त ऐनको दफा १२ मा कसैले मदिरा ऐन विपरीत कार्य गरेमा ६ महिनासम्म कैद वा एकलाख रुपैँयासम्म जरिवाना वा दुवै सजाय गर्ने र मतियारलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने ब्यवस्था गरेको छ। कुनै व्यक्तिले मदिरा ऐन, २०३१ विपरीत मदिराको उत्पादन, बिक्रीवितरण निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा अन्तःशुल्क अधिकारीले जफत गर्ने, जफत गरिएको मध्ये गुणस्तरयुक्त मदिरा अन्तःशुल्क अधिकारीले तोकिएबमोजिम लिलाम बिक्री गर्नेगरी मदिरा उत्पादन, आयातनिर्यात, ओसारपसार, सञ्चय तथा बिक्रीवितरण गर्नमा प्रत्यक्ष नियन्त्रण गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। त्यस्तै अन्तःशुल्क ऐन, २०५८ ले मदिरालाई समेत अन्तःशुल्क लाग्ने वस्तुमा परिभाषित गरेको, यसलाई नियन्त्रण र नियमन गर्ने मुख्य जिम्मेवार व्यक्ति अन्तःशुल्क अधिकारीलाई तोकेको, इजाजत नलिई कसैले पनि मदिराको उत्पादन, बिक्रीवितरण, ओसारपसार, सञ्चय, भण्डारण (Store) गर्न नपाउने, कसैले पनि ऐन विपरीत कार्य गरेमा विगो जफत गर्न, विगोबमोजिम जरिवाना गर्न र १ वर्षसम्म कैद हुने गरी दण्ड सजाय गर्नुपर्ने व्यवस्था गरेको छ। समाजलाई आर्थिक हित तथा सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा कायम राख्ने समेतको महत्वपूर्ण जिम्मेवारी कानूनले उल्लिखित विपक्षीहरुलाई सुम्पिएको छ।

त्यसैगरी मदिरा नियमहरु, २०३३ को नियम (७) मा कुनै व्यक्तिले निजी प्रयोजनको लागि एकपटकमा ५ लिटरसम्म रक्सी र १० लिटरसम्म जाँड बनाउन अनुमति लिनुनपर्ने, त्यस्तो जाँड रक्सी वर्षको ६ पटक भन्दाबढी बनाउन नपाइने, त्यसरी निजी प्रयोजनको लागि रक्सी वा जाँड बनाउने ब्यक्तिले सो जाँड वा रक्सी बनाएको सूचना अन्तःशुल्क अधिकारीलाई दिनुपर्ने ब्यवस्था गरेको छ।

उक्त मदिरा नियमबमोजिम विहान १० बजेदेखि बेलुकी १० बजेसम्म मात्रविक्रीबितरण गर्न पाउनेमा अन्तःशुल्क अधिकारीले निश्चित स्थानहरुमा मदिरा बिक्रीवितरण गर्न रोक लगाउन सक्ने नियमावलीको व्यवस्था रहनुकासाथै उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४ मा नेपाल सरकारले कुनै पनि वस्तु वा सेवाको नियमन गर्नुपर्ने, दफा ५ वस्तु वा सेवाको गुणस्तर निर्धारण गर्नुपर्ने, दफा ६ मा उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा लेवल लगाउनुपर्ने, दफा ७ मा वस्तु वा सेवा उत्पादकले कानूनी दायित्व पूरा गर्नुपर्ने, दफा ११ मा बिक्रेतालेसमेत दायित्व पूरा गर्नुपर्ने, दफा १५ मा बिल विजक राख्नुपर्ने, दफा १६ मा अनुचित व्यापारिक तथा ब्यवसायजन्य क्रियाकलाप गर्ननहुने भन्नेसमेतका कानूनी व्यवस्थाले वस्तु वा सेवा प्रदायकका काम,कर्तव्य, अधिकार तोकिदिएको र त्यसरी तोकिएको काम, कर्तव्य, अधिकार पालन नगरेमा ५ वर्षसम्म कैद, विगोबमोजिम जरिवाना हुनेसमेतका कानूनी व्यवस्था गरेको छ।

उल्लेखित कानूनहरुले विपक्षीहरुलाई जिम्मेवारी तोकिएको हुँदाहुँदै मदिरा नियन्त्रण र नियमन नगरी विपक्षीहरुले आफ्ना कानूनी तथा संवैधानिक कर्तव्य पालनामा विमुख भएको प्रष्ट छ। यसै दौरान निवेदक मञ्चबाट घरेलुमदिरा बैध, अबैधको अवस्था के छ? यसको उत्पादन ओसारपसार बिक्रीवितरण तथा सेवनको अवस्था कस्तो छ? र यसले समाजमा के कस्तो सकारात्मक वा नकारात्मक प्रभाव पारेको छ भनी समग्र विषयमा अध्ययन गरी हेर्दा मुलुकको वर्तमान परिस्थिति र नियामक निकायहरुबाट कानून कार्यान्वयनको सन्दर्भमा मदिरा तथा मदिराजन्य पदार्थबाट खाली राजस्व संकलनतर्फ मात्र ध्येय रहेको तर मदिरा तथा मदिराजन्य पदार्थबाट आम नागरिक र राष्ट्रहितमा पर्न गएको नकारात्मक असरको बारेमा कुनै चासो राखेको र सोतर्फ चनाखो भएको पाइएन। निवेदक मञ्चले अध्ययन गरी हेर्दा घरेलुमदिरा तथा मदिराजन्य पदार्थले समाज तथा राष्ट्रिय हितमा निम्नानुसार नकारात्मक प्रभाव पारेको स्पष्ट देखियोः–

क) कर असुली तथा राजस्व संकलनमा नकारात्मक असर गरी राष्ट्रहितमा असर पुर्‍याएको,

ख) गुणस्तर सम्बन्धी कुनै प्रयोगशाला परीक्षणको व्यवस्था नभएकोले विश्वसनीय गुणस्तर नभएको,

ग) नागरिकको जीउज्यान, स्वास्थ्य र सम्पत्तिमा हानि नोक्सानी पुगेको,

घ) घरेलुमदिराको कच्चा पदार्थमा कट, थोत्रालुगा, मोजा, टायर, प्रयोग भईसकेका कण्डम, प्रयोग भइसकेका सेनेटरी प्याड, बच्चाको सालनाल, सिनोजस्ता वस्तुहरुलाई प्रयोग गर्नेगरेको आम जनगुनासो भएकोले त्यस्ता कच्चापदार्थको प्रयोगबाट उत्पादित मदिराले आम नागरिकको स्वास्थ्यमा मन्दविष (Slow Poison) को काम गरेको,

ङ) प्रर्याप्त कानून हुँदा पनि नियमनको अभावमा घरेलुमदिराको सेवनले समाजमा घरेलुहिंसा, कुटपिट, चोरी, भ्रष्टाचार, बलात्कार, गुण्डागर्दी, हत्या, ज्यानमार्ने उद्योग, संगठित अपराधजस्ता जघन्य र नैतिकपतन देखिने फौजदारी कसूर अपराधको वारदात घट्ने गरेको,

च) मदिरा सेवन कै कारणले समाजमा बहुविवाह, सम्बन्ध विच्छेद, गाली बेइज्जती, वेश्यावृत्तिजस्ता सामाजिक विखण्डन निम्त्याउने, श्रृंखलाबद्ध घटना घट्नेजस्ता विषवृक्षको रुपमा बेथिति निम्त्याउने गरेको,

छ) मदिरा सेवनले मानिसको श्रृजनशीलता, रचनात्मकता, संवेदनशीलतामा ह्रास आउने, पुरुषहरुमा नपुङ्सकता र महिलाहरुमा बाँझोपना देखिई समाजमा नकारात्मक असर गर्नुकोसाथै बालबालिकाको नियमित अध्ययनमा समेत नकारात्मक असर गरी समाजलाई पक्षघात गरेको,

ज) मदिरा सेवनले राष्ट्रहित तथा नागरिक र समाजमा कुनै लाभ नभएको, सीमित उत्पादक र ब्यापारीले मात्र लाभ लिएको,

झ) अखाद्ययुक्त घरेलुमदिरा सेवन गर्दा Heart Problems (chronic heart Disease, hypertension, heart attack), Liver Disease (alcoholic hepatitis, liver cancer), Digestive Disorders (pancreatitis or gastritis), Neurological Disorders (stroke, dementias, memory loss), Cancer (especially of the digestive tract, stomach, liver and breast), Diabetes, Obesity, High Blood Pressure, Lungs Stoke, Osteoporosis जस्ता प्राणघातक रोग लाग्ने गरेको,

ञ) गैरकानूनी देखिएको घरेलुमदिरा अत्याधिक उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवन भएको पाइयो,

च) मदिरा सेवन गरेर सवारी चलाउन निषेध गरेको कार्यले सवारी दुर्घटनामा केही कमी आएतापनि पूर्णरुपले दुर्घटना न्यूनिकरण र शून्यप्रायः हुन सकेको छैन।

उपर्युक्त अवस्था भएकाले घरेलुमदिराको उत्पादन, ओसारपसार, बिक्रीवितरण र सेवनसमेत कानूनद्धारा दण्डनीय कसूर भएको तर बजारमा, टोलटोलमा, चोकचोकमा यत्रतत्र सर्वत्र खुलेआम रुपमा त्यस्तो घरेलुमदिराको उत्पादन ओसारपसार र बिक्रीवितरण तथा सेवन भइरहेको छ। यसले आमनागरिक र समाजलाई नै पक्षघात गराइरहेको उल्लेखित तथ्यले छर्लङ्ग पार्दछ। कहिलेकाही नेपाल प्रहरीबाट घरेलुमदिरा उत्पादन स्थलमा छापा मारी मदिरा नष्ट गरेको भन्ने गरिए तापनि त्यस्तो कसूर अपराध नियन्त्रण हुन सकेको छैन। यस मञ्चले मिति २०७५।०२।१० मा विपक्षी नं. १,२,४,९,१० लाई **“घरेलुमदिरा (जाँड, रक्सी, छ्याङ्, निगार, तोङ्गवा आदि) नियन्त्रण गरी आम नागरिकको जीउज्यान, स्वास्थ्य सम्पत्ती रक्षा गरी आम समाजमा सुशासन र अमनचयन कायम गर्ने बारेको”** विषयमा ध्यानाकर्षण गराएकोमा सो अनुसार विपक्षीहरुले कुनै पहल कदमी नचालेको हुँदा पुनः मिति २०७5।०४।२९ मा सोही विषयको यसमञ्चले ताकेताको पत्र पेस गरेको थियो। घरेलुमदिरा नियन्त्रण र नियमन गर्न संवैधानिक र कानूनी व्यवस्था प्रष्ट हुँदाहुँदै र आम नागरिक संवैधानिक तथा कानूनी हकबाट बन्चित भई कानूनी पहुँचमा पुग्न नसकी अन्यौलको जीवन जीउन बाध्य छन्। त्यसैले हामी निवेदकहरु बाध्य भई घरेलुमदिरा नियन्त्रण र नियमनको व्यापक सार्वजनिक सरोकारिक विषय भएको हुँदा यस सम्मानित सर्वोच्च अदालतको ढोका ढकढक्याउन उपस्थित भएका छौं। नेपालमा विद्यमान कानूनी व्यवस्था हेर्दा विपक्षीहरुले नागरिकको जीउ, ज्यान, स्वास्थ्य र सम्पत्तिको रक्षार्थ अहोरात्र खटिनु पर्ने गरी जिम्मेवारी तोकेको तर नेपाली समाजमा, घरघरमा, प्रत्येक टोलटोलमा, व्यापारिक प्रयोजनका लागि घरेलुमदिरा (जाँड, रक्सी, छयाङ्, तोङ्गवा, निगार आदि) खुलेआम उत्पादन, ओसारपसार बिक्रीवितरण र सेवन (उपभोग) भई रहेको, यसले आम नागरिक, सर्वसाधारण तथा समाजमा समेत नकारात्मक प्रभाव एवं असर परिरहेकोसाथै देशको राजश्व उठ्तीमा समेत न्यूनिकरण भई मुलुकको अर्थतन्त्रमा समेत प्रभाव परिहेकोले मदिरा ऐन, २०३१ को दफा २ को (क),३,४,५,१२, मदिरा नियम, २०३३ को नियम ७ उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४,५,६,७,११,१५,१६, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९, नेपालको संविधान, २०७२ को धारा १६,१८,२५,३०,३५,३६,४४ को उपधारा (१) र (२) समेतको संवैधानिक तथा कानूनी व्यवस्थाबाट विपक्षीहरुलाई आम नागरिकको सुरक्षार्थ कानूनी दायित्व, जिम्मेवारी प्रदान गरेकोले नागरिकको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हितको रक्षा गर्ने प्रयोजनको लागि कानूनमा भएको व्यवस्थालाई यथावत परिपालना गरी घरेलुमदिराको उत्पादन ओसारपसार बिक्री, वितरण र सेवनलाई कानूनवमोजिम दण्ड जरिवाना गरी समाजमा सुशासन, सामाजिक सुरक्षा, अमन चयन कायम गर्न गराउन अन्य वैकल्पिक उपचारको बाटोसमेत नभएकोले हामी निवेदकहरु यो निवेदन लिई यस सम्मानित सर्वोच्च अदालतमा उपस्थित भएका छौं।

मदिरा ऐन, २०३१ को दफा २ को (क),३,४,५, अन्तःशुल्क ऐन, २०५८, मदिरा नियम, २०३३ को नियम ७ को खण्ड (घ) विपरित कार्य हुँदासमेत विपक्षीहरुले मदिरा ऐन, २०३१ को प्रस्तावनाको मर्म एवं भावनाबमोजिम तथा दफा १२ र अन्तःशुल्क ऐन, २०५८ अनुसार नेपाली बजारबाट घरेलुमदिराको व्यवसायिक प्रयोजनले भईरहेको उत्पादन, ओसारपसार एवं बिक्रीवितरणमा नियन्त्रण एवं नियमन नगरेकोले मदिरा ऐन, २०३१ को दफा २ को (क),३,४,५,१२ अन्तःशुल्क ऐन, २०५८, मदिरा नियम, २०३३ अक्षरस पालना गरी गराई कसूदारलाई मदिरा ऐन, २०३१ को दफा १२ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १६ अनुसार कारवाही गर्नू गराउनू र त्यस्तो मदिरा व्यावसायिक प्रयोजनको लागि उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवनमासमेत रोक लगाउनू भनि विपक्षीहरुका नाममा नेपालको संविधान (२०७२) को धारा ४६ र १३३ (२) बमोजिम प्रतिषेध, परमादेश लगायत जो चाहिने उपयुक्त आदेश वा पुर्जी जारी गरी पाउँ भन्ने बेहोराको कानून न्याय तथा सामाजिक कल्याण मञ्चको तर्फबाट अध्यक्ष अधिवक्ता जगन्नाथ मिश्रसमेतको मिति २०७६।१।१० मा दायर भएको संयुक्त निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग वमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटोका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि पेसीको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई अग्राधिकारमा राखी नियमानुसार पेश गर्नु भन्ने बेहोराको मिति २०७६।१।१९ मा यस अदालतबाट भएको आदेश।

३. यसमा रिट निवेदकले विशेष गरी मदिराको आन्तरिक उत्पादन, बिक्रीवितरण तथा उपभोगको विषयलाई उठान गरेको देखिन्छ। यस भन्सार विभाग मातहतका भन्सार कार्यालयहरुबाट प्रचलित कानूनबमोजिम अन्तःशुल्क इजाजतपत्रप्राप्त व्यवसायीहरुलाई मात्र सम्बन्धित निकायबाट गुणस्तर प्रदान गरिएका मदिरा यकिन गरी पैठारी तथा निकासीको लागि प्रचलित कानूनबमोजिम लाग्ने राजश्व लिई अनुमति दिने मात्र हो। यस भन्सार विभागको कुन काम कारवाहीले रिट निवेदकले उठान गरेको विषयमा असर परेको हो भनी खुलाउन सकेको अवस्था पनि देखिँदैन। तसर्थ प्रस्तुत रिट निवेदन यस विभागको हकमा खारेजभागी छ, खारेज गरी पाउँ भन्ने बेहोराको भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौको तर्फबाट मिति २०७६।२।७ मा पेस भएको लिखित जवाफ।

४. विद्यमान ऐन, नियम र निर्देशिकाको मर्म र भावना अनुरुपको कार्य गर्न यस विभाग तथा यसका मातहतका कार्यालयहरु निरन्तर प्रयासरत रहेका छन्। साथै आगामी दिनमासमेत आफ्ना दायित्वप्रति सचेत रहनेछ। जसअनुरुप अवैध मदिरा नियन्त्रण र नियमन गर्न धेरैहदसम्म सफल रहेकोसमेत निम्न लिखित तथ्यांकबाट प्रष्ट देखिन्छ। <u>आ.व.०७४/७५ देखि आ.व. ०७५/७६ को बैशाख महिनासम्म ४३ पटक अवैध मदिरा नियन्त्रण समितिको बैठक बसेको।</u> १,०७,६५० लिटर अवैध मदिरा नियन्त्रणमा लिइएको, २०९ कार्टुन २३८७ बोतल विभिन्न व्राण्डका मदिरा जफत गरेको, मदिरा बनाउन प्रयोग गर्ने ६८,९४५ लिटर कच्चा पदार्थ जफत गरेको, २ कार्टुन ६५ बोतल बियर जफत गरेको, अन्तःशुल्क सम्बन्धी मुद्दा संख्या 168 रहेको, रु.११,४०,६२०।- जरिवाना गरेको, रु.१८,४६०.०० धरौटी वापत जम्मा गरेको र १ थान अटोमोबाइल, १ थान मोटरसाइकल र ७ थान साइकल जफत गरेको देखिन्छ।

अवैध मदिराको उत्पादन, सञ्चय र बिक्रीवितरणबाट समाजमा विकृति र विसंगति फैलन जाने, ईजाजतपत्रप्राप्त गरी उत्पादन तथा बिक्री हुने मदिराको खपतमासमेत प्रतिकूल

असर पर्नगई असूल हुनुपर्ने राजश्वसमेत गुम्नजाने सम्भावनालाई मध्यनजर गर्दै अवैध मदिरा नियन्त्रण र वैध मदिराको कारोवारको नियमनका लागि विभागस्तरमा आन्तरिक राजस्व विभागको उपमहानिर्देशकको संयोजकत्वमा १६ सदस्यीय समिति तथा अवैध मदिरा नियन्त्रणको प्रभावकारी कार्यान्वयन गर्न जिल्लास्तरमा आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय/कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुखको संयोजकत्वमा ६ सदस्यीय समितिको व्यवस्था गरेको छ। उक्त समितिले अवैध मदिरा उत्पादन स्थलमा गई खानतलासी गरी अवैध मदिरा बनाउन प्रयोग भएका विभिन्न वस्तुहरु कब्जामा लिने, संलग्न व्यक्तिलाई पक्राउ गर्ने र कारवाही चलाउन सम्वन्धित कार्यालयमा बुझाउने व्यवस्था अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण, २०७५) मा रहेको र सो बमोजिम कार्य हुँदै आएको छ।

त्यसै गरी प्रहरीको सहयोगमा समयसमयमा कर अधिकृतसहितको टोली परिचालन गरेर अवैध मदिरा उत्पादन तथा बिक्रीलाई निरुत्साहित गर्ने गरिएको, अवैध मदिरा उत्पादन तथा बिक्रीलाई निरुत्साहित र नियमन गर्ने नियमित बजार अनुगमन गर्ने गरेको, स्थानीय उद्योग वाणिज्य संघ लगायत सम्बन्धित सरोकारवालासँग अवैध मदिरा नियन्त्रण सम्बन्धमा नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको, सीमावर्ती क्षेत्रमा हुने अवैध मदिरा ओसारपसार नियन्त्रण कार्यलाई तिव्रता दिनुकासाथै अवैध मदिरा कारोबारसँग सम्बन्धित सूचना संकलन गरी अनुगमन, छानविन गरी कारवाहीसमेत गर्ने गरेको हुँदा उल्लिखित ऐन नियमको मर्म र भावना अनुरुप कार्य नगरेको भन्ने निवेदनको जिकिर खारेजभागी छ खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७६।२।६ गतेको आन्तरिक राजश्व विभागको तर्फबाट पेस भएको लिखित जवाफ।

५. मदिरा ऐन, २०३१ मा अन्तःशुल्क अधिकारीले मदिराको बिक्रीवितरणमा नियन्त्रण (दफा ४), उत्पादन तथा बिक्रीवितरणमा बन्देज (दफा ४क), मदिरा तथा अन्य सामानको जफत र बिक्री (दफा १३), दफा ११ अन्तर्गतको मुद्दामा शुरुकारवाही र किनारा गर्ने अधिकार नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीलाई र सोबाहेक यस ऐन अन्तर्गतको अरु मुद्दाको शुरुकारवाही र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकारीलाई हुनेछ। शुरुकारवाही र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानूनबमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्राप्त हुनेछ (दफा १४) भन्ने व्यबस्था रहेको छ। मदिरा नियमावली, २०३३ मा मदिराको उत्पादन, बिक्रीवितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकारीसमक्ष दरखास्त दिनु पर्नेछ र अन्तःशुल्क अधिकारीले आवश्यक जाँचबुझ गरी मनासिव देखेमा अनुसूची २ बमोजिमको ईजाजतपत्र दिन सक्नेछ (नियम ३)। प्रहरी ऐन, २०१२ को प्रस्तावनामा नै प्रहरीलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्यसाधन बनाई शान्ति र व्यवस्था कायमराख्न प्रहरी फोर्सको गठन भएको कुरा उल्लेख छ भने ऐजन ऐनको दफा १५ मा उल्लिखित प्रहरी कर्मचारीको कर्तव्यमा शान्ति र व्यवस्थालाई असरपार्ने खालको खबर संकलन गर्नु, अपराधको रोकथाम गर्नु र अपराधी पत्ता लगाउनु र जनतालाई अनावश्यक झन्झट पर्नबाट बचाउनु भन्ने व्यवस्था रहेको छ।

प्रहरी ऐन, २०१२ बमोजिम गठित तथा परिचालित नेपाल प्रहरीको प्रमुख उद्देश्य समाजमा शान्ति सुरक्षा, अमनचयन कायमगर्नु, अपराध अनुसन्धान, अपराध रोकथाम तथा नियन्त्रण गर्नु भएकाले विभिन्न अपराधिक कृयाकलापलाई मध्यनजर गरी सोको रोकथाम गर्न संविधान, प्रहरी ऐन, प्रहरी नियमावली तथा प्रचलित अन्य ऐन, नियम र कानूनको अधीन र प्रकृयामा रही आमजनताको शान्ति सुरक्षामा अहोरात्र खटिई कर्तव्य पालना गर्दै आई नेपाल प्रहरीले विगतदेखि नै अबैध मदिराको बिक्री बितरण, ओसारपसारमा कानूनबमोजिम रोक लगाउदै आएको र विगत तीन आर्थिक बर्षदेखि हालसम्म तयारी मदिरा ४,०३,७७० लिटर

र कच्चा पदार्थ (१,६६,५८० के.जी. र १०,५०,३४७ लिटर) र मानिस (पुरुष १००, महिला ५५) लाई पक्राउ गरी मदिरा ऐन, २०३१ को दफा १५ को (क) बमोजिम अन्त:शुल्क कार्यालयमा कारवाहीको लागि बुझाएको भन्ने प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखाको अभिलेखबाट देखिन्छ।

प्रहरी ऐन, २०१२ को दफा १३ मा समेत "प्रहरी कर्मचारीले यो ऐन वा अरु कुनै प्रचलित ऐनबाट पाएको अख्तियार भन्दाबढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउदैन" भन्ने स्पष्ट व्यबस्था रहेको र प्रहरीले आफ्नो क्षेत्राधिकारभित्र पर्ने मुद्दाहरुको मात्र अनुसन्धान तहकिकात, पक्राउ, खानतलासी लगायतका कार्यहरु गर्न सक्नेछ भनि कानून तथा विद्यमान व्यवस्थाहरुले निर्दिष्ट गरेतापनि नेपाल प्रहरीले अपराध नियन्त्रण, अनुसन्धान र शान्ति सुरक्षा कायम गर्ने दृष्टिकोणबाट निरन्तर अवैध मदिराजन्य पदार्थको नियन्त्रणको कार्य गर्दै आएको हुँदा प्रहरीले अवैध मदिरा नियन्त्रणका सन्दर्भमा विद्यमान कानूनी तथा संवैधानिक कर्तव्य पालनामा विमुख रहेको भनि प्रहरी प्रधान कार्यालय, नक्साल समेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने बेहोराको मिति २०७६।२।९ मा प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ।

६. नेपाल सरकार, अर्थमन्त्रालय संविधान तथा विद्यमान नेपाल कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानूनप्रदत्त हक, अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरी प्रचलनको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध र कटिबद्ध रहेको छ।

जहाँसम्म मदिरा ऐन, २०३१ को प्रस्तावनाको मर्म एवं भावनाबमोजिम तथा सोही ऐनको दफा १२ र अन्तःशुल्क ऐन, २०५८ अनुसार नेपाली बजारबाट घरेलुमदिराको व्यावसायिक प्रयोजनले भइरहेको उत्पादन, ओसारपसार एवं बिक्रीवितरणमा प्रतिबन्ध नगरेको, कानूनहरुले जिम्मेवारी तोकिएको हुँदा पनि सम्बन्धित निकायहरु मदिरा नियन्त्रण र नियमन नगरी कानूनी तथा संवैधानिक कर्तव्य पालनामा विमुख भएको भन्ने विपक्षीको दाबी छ, तत्सम्बन्धमा उपभोक्ताको हकहित र अधिकारको संरक्षण गरी उपभोक्ताको स्वास्थ्य प्रतिकूल हुने कामकारवाही नियन्त्रण गर्न बनेका उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ र मदिरा उत्पादन, ओसारपसार, बिक्रीवितरणलाई व्यवस्थित, नियन्त्रण र नियमन गर्न बनेका मदिरा ऐन, २०३१, मदिरा नियम, २०३३, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९ लगायतका कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र मातहत विभागस्तरमा आन्तरिक राजस्व विभाग, जिल्लास्तरमा आन्तरिक राजस्व कार्यालयहरु, करदाता सेवा कार्यालयहरु र कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुखको संयोजनमा गठित समितिहरु प्रतिबद्ध र क्रियाशील रहिआएका छन्।

विपक्षी निवेदकले घरेलुमदिरा नियन्त्रण गरी आमनागरिकको जीउज्यान, स्वास्थ्य सम्पत्ति रक्षा गरी आमसमाजमा सुशासन र अमनचयन कायमगर्ने सम्बन्धमा यस मन्त्रालय समेतलाई ध्यानाकर्षण गराई दर्ता नं. २०१९ मिति २०७५।५।२७ मा दिएको निवेदनउपर आवश्यक कारवाही गर्न नियमन निकाय आन्तरिक राजस्व विभागमा यस मन्त्रालयको च.नं. २५८ मिति २०७५।५।२९ को पत्रबाट लेखी पठाइसकिएको छ। यस सम्बन्धमा आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुबाट प्रचलित कानून बमोजिम भएगरेका कार्यप्रगति सहित पेस हुने लिखितजवाफ मार्फत जानकारी हुने नै हुँदा जिम्मेवारीबमोजिम नेपाल सरकारले मदिरा नियन्त्रण र नियमन नगरेको भन्ने निवेदकको तथ्य र प्रमाणविहिन निवेदन जिकिर पुष्टि हुने अवस्था देखिएन।

रिट निवेदकले आफ्नो निवेदनसाथ पेस गरेको अध्ययन प्रतिवेदन हेर्दा अध्ययनकर्ताहरुले कुनै घटना विशेष वा स्थान विशेषमा गई अध्ययन गरेको नदेखिएको र अध्ययन गर्दा मदिराको उत्पादन, ओसारपसार र बिक्रीवितरणको नियमन निकाय आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुसँग सम्पर्क र समन्वयमा अध्ययन गरेको पनि देखिंदैन। अवैध मदिराको रोकथाम गर्ने दायित्व सर्वसाधारण नागरिक, संघसंस्था लगायत सबैको हो। यो दायित्व निर्वाहका लागि विपक्षी रिट निवेदकले कतै कहीं कामकारवाही गरेको रिट निवेदनमा उल्लेख छैन। साथै यस विषयमा उक्त संस्थाबाट हालसम्म यस मन्त्रालय, मातहत विभाग र कार्यालयहरुसँग सम्पर्क र समन्वय राखेको देखिदैन। साथै निवेदकहरु र निजहरुको संस्थाले मदिरा ऐन, २०३१ को दफा १५क. को प्रावधानबमोजिम कोही कसैले मदिरा ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्रीवितरण, ओसारपसार, निकासी वा पैठारी गर्नलागेको वा गरेको भन्ने विषयमा कुनै सूचना वा सुराकीसमेत नदिई यस मन्त्रालयसमेतले कुनै कामकारवाही नगरेको भनी पर्न आएको रिट निवेदन खारेजभागी छ। यस मन्त्रालय मातहतका विभाग तथा कार्यालयहरुबाट सर्वसाधारण व्यक्ति, नागरिकसमाज र स्थानीय प्रहरी प्रशासन समेतको समन्वय र सहयोगमा घरेलुमदिराको अवैध उत्पादन, ओसारपसार एवं बिक्रीवितरणलाई नियन्त्रण गर्न पूर्ण प्रतिबद्धताकासाथ कार्य भइरहेको र त्यसबाट अवैध मदिरा उत्पादन, ओसारपसार, बिक्रीवितरणलाई व्यवस्थित, नियन्त्रण र नियमन गर्न धेरै हदसम्म सफल भइरहेको अवस्थामा रिट निवेदकको मागबमोजिम कुनै आदेश जारी हुनुपर्ने होइन, छैन। उपरोक्त आधार र कारणबाट तथ्य प्रमाण बिना दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने बेहोराको अर्थ मन्त्री र अर्थ मन्त्रालयको छुट्टाछुट्टै लिखित जवाफ।

७. निवेदकले मदिरा ऐन,२०३१ को मुख्य उद्देश्य नै “सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नका निम्ति मदिराको उत्पादन बिक्रीवितरण र निकासी पैठारीमासमेत नियन्त्रण गर्ने भन्ने माग राखी यस महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाईसमेत विपक्षी बनाई दिनुभएको रिट निवेदनमा मदिरा नियन्त्रण गर्ने कार्यमा यस मन्त्रालयको के कुन भूमिका रहेको र सो भूमिका पुरा नगरेको भन्ने निवेदनमा कहिं कतै उल्लेख भएको नदेखिएकोले उक्त निवेदन जिकिर अनुसारका कार्यहरु यस मन्त्रालयको कार्य क्षेत्राधिकारभन्दा बाहिरको विषय भएको, तथा निवेदनमा उल्लेख भएका कुराहरु यस मन्त्रालयसँग सम्बन्धित नभएकोले यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने बेहोराको मिति २०७६।२।१३ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लिखित जवाफ।

८. मदिरा तथा मदिराजन्य वस्तु र सूर्तिजन्य पदार्थ मानव स्वास्थ्यको लागि घातक हुनुकासाथै स्वच्छ र स्वस्थ समाज निर्माणका लागि बाधकसमेत भएको हुँदा नेपाल सरकारले सो को नियन्त्रणका लागि सो सँग सम्बन्धित ऐन, नियम जारी गर्नुकासाथसाथै सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ र सो को नियमावली, २०६८ र जनस्वास्थ्य ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनको पूर्णपालना र कार्यान्वियन गर्न गराउन र कानून विपरितका कुनै पनि कार्य गर्न नदिन यस मन्त्रालय कटिवद्ध रहेको छ। जहाँसम्म नेपाली बजारबाट घरेलुमदिराको व्यवसायिक प्रयोगले भईरहेको उत्पादन, ओसारपसार एवं बिक्रीवितरणमा प्रतिबन्ध नगरेकोले मदिरा ऐन, २०३१ को दफा २ को (क),३,४,५,१२ अन्तःशुल्क ऐन, २०५८, मदिरा नियम, २०३३ अक्षरस: पालना गरी गराई कसूदारलाई मदिरा ऐन, २०३१ को दफा १२ तथा अन्तशुल्क ऐन, २०५८ को दफा १६ अनुसार कारबाही गर्नू गराउनू र त्यस्तो मदिरा व्यवसायिक प्रयोजनको लागि उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवनमासमेत रोक लगाउने बिषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने हुँदा सो सम्बन्धमा

सम्बन्धित निकायबाट प्राप्त हुने लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेजभागी छ, खारेज गरी फुर्सद दिलाई पाउँ भन्ने बेहोराको मिति २०७६।२।१६ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ।

९. नेपाल सरकार संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानूनप्रदत्त हक अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने एवं सम्मानित अदालतबाट भएका आदेशहरुको कार्यान्वयन गर्ने गराउने कुरामा कटिवद्ध रहेको छ। विपक्षी रिट निवेदकले प्रधानमन्त्रीको के कस्तो काम, कारवाही वा निर्णयबाट निजको के कस्तो संविधान तथा कानूनी हक अधिकार हनन् भएको हो ? भन्ने सम्बन्धमा आफ्नो निवेदनमा कुनै कुरा उल्लेखसम्म गर्न नसकेको अवस्थामा प्रधानमन्त्रीलाई प्रत्यर्थी बनाई रिट निवेदन दायर गर्न मिल्ने होइन। कानून विपरीत कार्य गर्ने व्यक्तिले सम्बन्धित कानूनबमोजिम सजाय पाउने नै हुन्छ। मदिरा ऐन, २०३१, अन्तःशुल्क ऐन, २०५८ तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को उल्लघंन गरी कुनै काम कारवाही कुनै व्यक्ति वा संस्थाबाट भएमा सोही ऐन बमोजिमको प्रकृया पूरा गरी कारवाहीको माग भएमा सम्बन्धित कानूनबमोजिम कारवाही हुने नै हुन्छ। त्यसरी कारवाहीको माग गर्ने वैकल्पिक उपचारको पर्याप्तता रहँदा रहँदै रिट क्षेत्रबाट विषय उठान गरी न्याय निरोपण हुने अवस्था होइन। बिशेष कानूनले व्यवस्था गरेको सारवान तथा कार्यविधिगत व्यबस्थालाई नजरअन्दाज गरी रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने पनि होइन। रिट निवेदकले घरेलुमदिराको उत्पादन, ओसारपसार, बिक्रीवितरण र सेवनगर्ने कार्यलाई नियन्त्रण गर्न नसकेको भन्ने जिकिर लिए तापनि कुन कुन व्यक्ति वा व्यक्ति समूहले कुन स्थानमा उल्लेखित ऐन विपरितका कार्य गरेको हो र सजाय हुन नसकेको हो सो सम्बन्धमा कहिकतै खुलाउन सकेको देखिंदैन। त्यसरी खुलाई आएमा कानूनबमोजिम हुने व्यवस्था रहे भएकै छ। अनुमानका आधारमा मदिरा उत्पादन, ओसारपसार, बिक्रीवितरण, नियन्त्रण र सेवनगर्ने कार्य रोकथाम गर्न नसकेको भनी गोश्वारा रुपमा लिएको दाबी तथ्यहीन, आधारहीन र औचित्यहीन रहेको छ। नेपालको संविधानको धारा १३३ ले वैकल्पिक कानूनी उपचारको व्यवस्था नभएको वा त्यस्तो व्यवस्था प्रभावकारी नरहेको अवस्थामा मात्र सम्मानित अदालतको रिट क्षेत्राधिकार आकर्षित हुने व्यवस्था गरेको छ। निवेदकले उठाएका विषयमा उल्लिखित कानूनी प्रावधानबमोजिम कानूनबमोजिम तोकिएका निकायहरुबाट उपचार खोज्न सकिने व्यवस्था हुँदा हुँदै रिट निवेदन लिई सम्मानित अदालतमा प्रवेश गरेकाले सो रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। रिट निवेदकले उठान गरेको विषयको हकमा यस कार्यालयबाट कोही कसैलाई कुनै आघात पुऱ्याएको अवस्थासमेत छैन। निवेदकले समेत त्यसरी आघात पुऱ्याएको सवुदसहित दाबी लिन सकेको अवस्था छैन। कानूनबमोजिम उपचारको वैकल्पिक मार्ग प्रशस्त रहेको अवस्थामा औचित्यहीन रिट निवेदन ल्याई अदालतको समय नै कटौती भएको अवस्था छ। तसर्थ प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेजगरी पाउँ भन्ने बेहोराको मिति २०७६।२।२० मा प्रधानमन्त्री केपी शर्मा ओली र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

१०. सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि मदिराको उत्पादन, बिक्रीवितरण र निकासी पैठारी समेतमा नियन्त्रण गर्न मदिरा ऐन, २०३१ लगायतका कानूनहरु लागू भएकोले उक्त ऐनहरुमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न गृह मन्त्रालय सदा प्रतिवद्ध छ। मदिराको अव्यवस्थित उत्पादन र बिक्रीवितरण तथा सेवनका कारण समाजमा परेको र पर्नसक्ने नकारात्मक असर न्यूनिकरण गर्न तथा स्वस्थ्य, सभ्य, सदाचारी र अपराध मुक्त समाज निर्माण गर्नको लागि गृह मन्त्रालय सदा कटिबद्ध छ। मदिराको अव्यवस्थित उत्पादन र बिक्रीवितरण तथा हानिकारक सेवनका

कारण मुलुकको शान्ति सुव्यवस्था र अपराध नियन्त्रणका क्षेत्रमा परेको बहुआयामिक नकारात्मक असर न्यूनिकरण गर्न जरुरी भएकोले रिट निवेदकले उल्लेख गरेको विषयलाई सम्बोधन गर्नको लागि मदिरा उत्पादन र बिक्रीवितरणको नियन्त्रण तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी कार्यकारी आदेश तर्जुमाको लागि आवश्यक काम हुँदै आइरहेको र निवेदकले उठाएको विषयवस्तुमा गृह मन्त्रालय संवेदनशील रहेको हुँदा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ समेतभन्ने बेहोराको मिति २०७६।२।१९ मा नेपाल सरकार, गृहमन्त्री र गृह मन्त्रालयको छुट्टाछुट्टै लिखित जवाफ।

११. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानूनप्रदत्त हक अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने एवं सम्मानित अदालतबाट भएका आदेशहरुको कार्यान्वयन गर्ने गराउने कुरामा कटिवद्ध रहेको छ। मदिरा ऐन, २०३१, अन्तःशुल्क ऐन, २०५८ तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को उल्लघंन गरी कुनै कामकारवाही कुनै व्यक्ति वा संस्थाबाट भएमा सोही ऐन बमोजिमको प्रकृया पूरा गरी कारवाहीको माग भएमा सम्बन्धित कानूनबमोजिम कारवाही हुने नै हुन्छ। त्यसरी कारवाहीको माग गर्ने वैकल्पिक उपचारको पर्याप्तता रहँदा रहँदै रिट क्षेत्रबाट विषय उठान गरी न्याय निरोपण हुने अवस्था होइन। विशेष कानूनले व्यवस्था गरेको सारवान तथा कार्यविधिगत व्यवस्थालाई नजरअन्दाज गरी रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने पनि होइन। रिट निवेदकले घरेलु मदिराको उत्पादन, ओसार पसार, बिक्रीवितरण र सेवनगर्ने कार्यलाई नियन्त्रण गर्न नसकेको भन्ने जिकिर लिए तापनि कुन कुन व्यक्ति वा व्यक्ति समूहले कुन स्थानमा उल्लेखित ऐन विपरितका कार्य गरेको हो र सजाय हुन नसकेको हो भन्ने सम्बन्धमा केही खुलाउन सकेको देखिंदैन। त्यसरी खुलाई आएमा कानूनबमोजिम हुने व्यवस्था रहे भएकै हुँदा अनुमानका आधारमा मदिरा उत्पादन, ओसारपसार, बिक्रीवितरण, नियन्त्रण र सेवनगर्ने कार्य रोकथाम गर्न नसकेको भनी लिएको दाबी तथ्यहिन, आधारहिन र औचित्यहिन रहेको छ। नेपालको संविधानको धारा १३३ ले वैकल्पिक उपचारको व्यवस्था नभएको वा त्यस्तो व्यवस्था प्रभावकारी नरहेको अवस्थामा मात्र सम्मानित अदालतको रिट क्षेत्राधिकार आकर्षित हुने व्यवस्था गरेको छ। निवेदकले उठाएका विषयमा उल्लिखित कानूनी प्रावधानबमोजिम कानूनवमोजिम तोकिएका निकायहरुबाट उपचार खोज्न सकिने व्यवस्था विद्यमान हुँदा हुँदै रिट निवेदन लिई सम्मानित अदालतमा प्रवेश गरेकाले र रिट निवेदकले उठाएको विषयको हकमा यस मन्त्रालयबाट कोही कसैलाई कुनै आघात पुऱ्याएको अवस्थासमेत नभएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेजगरी पाउँ भन्ने बेहोराको मिति २०७६।२।२१ गते नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट पेस गरेको लिखित जवाफ।

१२. प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री जगन्नाथ मिश्र, श्री ज्योति सापकोटा र श्री नवीन कार्की तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले प्रस्तुत गर्नु भएको बहससमेत सुनियो। यसमा मिति २०७६।१०।५ गतेको नि.सु.को मिति तोकी मिति २०७६।९।२९ गतेसम्ममा दुवैपक्षबाट बहसनोट पेस गर्न लगाई नियमानुसार गर्नु भन्ने बेहोराको मिति २०७६।०८।०८ मा यस अदालतबाट भएको आदेश।

१३. उल्लिखित परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन दाबी तथा रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफको बेहोरा रहेको प्रस्तुत रिट निवेदनमा यस सम्मानित अदालतबाट निरुपण हुनुपर्ने प्रमुख प्रश्नहरु निम्नबमोजिम रहेको पाइयो :-

क. रिट निवेदनमा उल्लेख भएकोजस्तो नेपाली बजारमा अवैध घरेलु मदिराको उत्पादन ओसार पसार, सञ्चय, बिक्रीवितरण तथा सेवन भएको, भै रहेको हो, होइन?

ख. यसरी घरेलु मदिराको उत्पादन, ओसार पसार, सञ्चय, बिक्रीवितरण र सेवन भै रहेको भए उक्त कार्य नियमन, नियन्त्रण गर्नका लागि विद्यमान नेपाल कानून पर्याप्त छ, छैन ?

ग. घरेलु मदिराको सेवनले समाजमा के कस्तो असर परेको छ ?

घ. प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिम घरेलु मदिरा नियन्त्रण र नियमनको लागि आदेश जारी हुनुपर्ने हो, होइन ?

माथि उल्लेखित अनुसार उठाइएका प्रश्नहरुको जवाफ निम्न प्रकरणहरुमा खोजिएको छ।

क. पहिलो प्रश्नको विवेचना गर्दा कानून न्याय तथा सामाजिक कल्याण मञ्च नेपालको मिति २०७४।१०।१९ को कार्यसमितिको निर्णयबमोजिम गठन गरिएको अध्ययन समितिले पेस गरेको अध्ययन प्रतिवेदनबमोजिम कूल मदिरा सेवनकर्तामध्ये ६९ प्रतिशत सेवनकर्ताले अनुमतिपत्र नलिई उत्पादित घरेलु मदिरा सेवनगर्ने गरेको र सो घरेलु मदिराको कारणबाट कर असूली, नागरिकको जीउ ज्यान स्वास्थ्य र सम्पत्तिमा नकारात्मक असर परी विभिन्न प्रकारका फौजदारी कसूरको अपराध घटेको, वेश्यावृत्ती जस्ता सामाजिक विखण्डन निम्त्याउने विकृति विसंगतिमा वृद्धि भएको, मानिसको श्रृजनशीलता, रचनात्मकता, संवेदनशीलतामा ह्रास आउने लगायतका राष्ट्रहित तथा नागरिक समाजको हित विपरीत भएको र उत्पादकलेमात्र लाभ लिएको तथ्य रिट निवेदकले प्रस्तुत गरेकोमा विपक्षी प्रत्यर्थीहरुले सो तथ्यहरुलाई लिखित जवाफको कुनै पनि अनुच्छेदमा खण्डन नगरी स्वीकार गरेकोले निवेदकले उल्लेख गरेबमोजिम नेपाली बजारमा अवैध (कानूनद्वारा निषेधित) घरेलु मदिराको उत्पादन, ओसारपसार, बिक्रीवितरण, सञ्चय तथा सेवन खुलेआम रुपमा रहे भएको प्रष्ट हुन आउँछ।

ख. दोश्रो प्रश्नको विवेचना गर्दा मौजुदा जनहितकारी संवैधानिक तथा कानूनी प्रावधानको विद्यमानता पर्याप्त रहेको भनी रिट निवेदनमा उल्लेख गरेको तथ्यलाई विपक्षीले लिखित जवाफमा खण्डन नगरी स्वीकार गरेको देखिएकोले नेपालमा घरेलु मदिरा नियन्त्रण र नियमनको लागि कानूनी प्रावधानको अपूर्णता छ भनेर भन्न मिल्ने होइन।

ग. तेश्रो प्रश्न अर्थात घरेलु मदिराको सेवनले समाजमा के कस्तो असर परेको छ भन्ने प्रश्नका सम्बन्धमा नेपालमा के कति मात्रामा घरेलु मदिराको उत्पादन, ओसार पसार, सञ्चय, बिक्रीवितरण र सेवन भै रहेको छ भन्ने तर्फ कोही कसैको ध्यान गएको पाइएन। यसलेगर्दा घरेलु मदिराले समाजमा के कस्तो असर परेको छ भन्ने अध्ययन अनुसन्धान भएको पाइएन। हामी रिट निवेदकहरुले आधारभुत अध्ययन (Primary Research) गरी सो अध्ययन प्रतिवेदन रिट निवेदनसाथ संलग्न गरेको हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन।

घ. चौथो प्रश्न अर्थात प्रस्तुत मुद्दामा निवेदकको माग बमोजिम घरेलु मदिरा नियन्त्रण र नियमनको लागि आदेश जारी हुनु पर्ने हो, होइन ? भन्ने प्रश्नका सम्बन्धमा घरेलु मदिरा कहीं कतै दर्ता भई इजाजत प्राप्त मदिरा नभएको, यसको गुणस्तर परीक्षणको मापदण्ड पूरा नगरेको, सरकारको जानकारी, नियन्त्रण (Control), नियमन (Regulation) भन्दाबाहिर रहेकोले सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि संविधानको धारा ४६ र १३३ बमोजिम विपक्षीहरुको नाममा देहायबमोजिमको परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउन इजलाशसमक्ष सादर निवेदन छ।

1= नेपालमा घरेलु मदिराको उत्पादन, ओसार पसार र बिक्रीवितरण के कति मात्रामा के कसरी कुन कुन कच्चा पदार्थको प्रयोगबाट उत्पादन भईरहेको छ अध्ययन गर्नू र गराउनू।

2= घरेलु मदिराको सेवनले समाजमा के कस्तो प्रभाव परेको छ। राष्ट्रिय अर्थतन्त्रमा के कस्तो नोक्सानी छ, आम नागरिक र राष्ट्रिय हितमा के कस्तो नकरात्मक असर परेको छ अध्ययन गर्नू।

३. घरेलु मदिराको सेवनले व्यापक नकरात्मक असर परेको देखिंदा मदिरा नियमहरु, २०३३ को नियम ७ भन्दा बढी, व्यवसायिक प्रयोजनको लागि मदिराको उत्पादन, ओसार पसार, बिक्रीवितरण तथा सेवनमा रोक लगाउनु र ऐन नियमको विपरित मदिराको उत्पादन, ओसार पसार, बिक्रीवितरण, सञ्चय तथा सेवनसमेत भएको पाइएमा मदिरा ऐन, २०३१ को दफा १२, अन्त शुल्क ऐन, २०५८ को दफा १६ तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४० अनुसार दण्ड सजाय गर्नू गराउनू।

४. मदिरा ऐन, २०३१, अन्तशुल्क ऐन, २०५८ र उपभोक्ता संरक्षण ऐन, २०७५ लाई अक्षरसः कार्यान्वियन गर्नु गराउनु भन्ने आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको रिट निवेदकका तर्फबाट विद्वान अधिवक्ताहरु श्री जगन्नाथ मिश्र, श्री ज्योति सापकोटा र श्री नविन कार्कीले मिति २०७६।०९।२९ गते पेस गरेको लिखित-बहसनोट।

१४. नेपाली बजारबाट घरेलुमदिराको व्यवसायिक प्रयोजनले भईरहेको उत्पादन, ओसारपसार एवं बिक्रीवितरणमा प्रतिबन्ध नगरेकोले मदिरा ऐन, २०३१ को दफा २ को (क), दफा ३,४,५,१२ अन्तःशुल्क ऐन, २०५८, मदिरा नियम, २०३३ अक्षरसः पालना गरी गराई कसूदारलाई मदिरा ऐन, २०३१ को दफा १२ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १६ अनुसार कारवाही गर्नू गराउनू र त्यस्तो मदिरा व्यावसायिक प्रयोजनको लागि उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवनमासमेत रोक लगाउनू भनि विपक्षीहरुका नाममा नेपालको संविधानको धारा ४६ र १३३ (२) बमोजिम प्रतिषेध, परमादेश लगायत जो चाहिने उपयुक्त आदेश वा पुर्जी जारी गरी पाउँ भन्ने रिट निवेदनको मुख्य मागदाबी रहेको देखिएको छ।

१५. निवेदकले निवेदनमा उठाएको विषय र सोसँग सम्बन्धित कानूनको कार्यान्वियनको क्रममा नेपाल सरकार संवेदनशील रही कामकारवाही भैरहेको छ। सरकार कानून कार्यान्वियन गरी शान्ति तथा अमनचयन कायमगर्न प्रतिबद्ध एवं कटिबद्ध रहेको छ। मदिरा उत्पादन र बिक्रीवितरणको नियन्त्रण र हानिकारक सेवन नियन्त्रण सम्बन्धी कार्यकारी आदेश तर्जुमाको लागि आवश्यक काम हुँदै आईरहेको छ। रिट निवेदकले आफ्नो निवेदनसाथ पेस गरेको अध्ययन प्रतिवेदन हेर्दा अध्ययनकर्ताहरुले कुनै घटना विशेष वा स्थान विशेषमा गई मदिराको उत्पादन, ओसारपसार र बिक्रीवितरणको सम्बन्धमा भएको कार्यप्रगति र यसबाट समाजमा परेको असरको सम्बन्धमा नियामक निकाय आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरुसमेतसँग सम्पर्क र समन्वयमा अध्ययन गरेको नदेखिएकोले प्रतिवेदन विश्वासयोग्य छैन। मदिरा ऐन, २०३१, अन्तःशुल्क ऐन, २०५८ तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को उल्लघंन गरी कुनै काम कारवाही कुनै व्यक्ति वा संस्थाबाट भएमा सोही ऐन बमोजिमको प्रकृया पूरा गरी कानूनबमोजिम कारवाही हुने हुँदा निवेदकले घरेलुमदिराको उत्पादन, ओसारपसार, बिक्रीवितरण र सेवनगर्ने कार्यलाई नियन्त्रण गर्न नसकेको भन्ने जिकिर लिए तापनि कुन कुन व्यक्ति वा व्यक्ति समूहले कुन स्थानमा उल्लेखित ऐन विपरितका कार्य गरेको हो र सजाय हुन नसकेको हो सो निश्चय गरी कहिकतै खुलाउन सकेको नदेखिएकोले वैकल्पिक कानूनी उपचारको विद्यमानतामा अनुमानको भरमा दर्ता गराएको निवेदनदाबी तथ्यहीन, आधारहीन र औचित्यहीन रहेकोले खारेज गरी पाउँ भन्ने समेत लिखितजवाफ रहेको देखिएको छ।

मूलतः घरेलु मदिरा (निजी उपयोगका लागि बनाईने जाँड र रक्सीसमेत) को व्यवसायिक प्रयोजनले भईरहेको उत्पादन, ओसारपसार, बिक्रीवितरण एवं सेवनका कारण समाजमा बढेको आपराधिक घटना र सामाजिक विकृति तथा विसंगतिमा सरोकारवाला नियामक निकाय एवं कानून कार्यान्वयन गर्ने सरकारी निकायले प्रभावकारी भूमिका निभाउन नसकेकोले आपराधिक घटना, सामाजिक विकृति र विसंगति बढ्नुकासाथै आम नागरिकको स्वास्थ्य, राजस्व सङ्कलन, नागरिक तथा राष्ट्रको सम्पत्ति र हितमा प्रतिकूल असर परी व्यक्तिको व्यक्तित्व, क्षमता, रचनात्मकता, श्रृजनशीलता र सामाजिक सद्भावमा ह्रास ल्याउने र समग्रमा राष्ट्रिय अहित गर्ने भएकोले प्रस्तुत रिट निवेदन पर्न आएको देखिएको छ।

१६. उल्लिखित तथ्य, दुवै पक्षबाट प्रस्तुत भएको बहस जिकिर तथा निवेदकतर्फबाट पेस भएको लिखित बहसनोटसमेत भएको प्रस्तुत रिट निवेदनमा नवेदन मागबमोजिम आदेश वा पुर्जी जारी गर्नुपर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा देहायका प्रश्नहरुमा विवेचना गर्नुपर्ने देखियो।

(क) प्रस्तुत विषयमा निवेदकले रिट निवेदन गर्न पाउने हो, होइन ?

(ख) प्रस्तुत विषय न्याय निरुपणको विषय हो, होइन ?

(ग) निवेदन दाबीबमोजिम घरेलु मदिरा (निजी उपयोगका लागि बनाईने जाँड र रक्सीसमेत) को व्यावसायिक प्रयोजनले भैरहेको उत्पादन, ओसारपसार, बिक्रीवितरण एवम् सेवनलाई प्रचलित कानून बमोजिम सरोकारवाला कानून कार्यान्वयन गर्ने निकायबाट रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने वा कानूनबमोजिम कारवाही गर्ने लगायतका कार्यहरु भएको छ, छैन ?

(घ) निवेदन मागबमोजिम प्रतिषेध, परमादेशलगायतको आदेश वा पुर्जी जारी गर्नुपर्ने हो वा होइन ?

१७. प्रस्तुत विषयमा निवेदकले रिट निवेदन गर्न पाउने हो, होइन ? भन्ने प्रश्नतर्फ हेर्दा आम नागरिकको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम गर्न, समाजमा हुने आपराधिक घटनालाई कम गराउन, सामाजिक विकृति र विसंगतिलाई नियन्त्रण गर्न, व्यक्तिको व्यक्तित्व विकासमा ह्रास आउन नदिई रचनात्मकता र सृजनशीलतामा जोड दिई राष्ट्रिय हित र सामाजिक उत्थानको लागि टेवा पुर्‍याउने पवित्र उद्देश्य राखी सार्वजनिक सरोकारको विषयमा प्रस्तुत रिट निवेदन पर्न आएको देखिएको छ। विपक्षी लिखितजवाफकर्ताहरुबाट निवेदकको निवेदन दिने हकदैया नरहेको भनी जिकिर लिएको देखिएको छैन। व्यक्ति, घटना वा स्थान किटान गरी निवेदन दिएको अवस्थामा कानूनबमोजिम कारवाही हुने हुँदा वैकल्पिक कानूनी उपचारको उपलब्धतामा अनुमानको आधारमा लिएको निवेदन दाबी तथ्यहीन, आधारहीन र औचित्यहीन रहेकोले खारेज गरी पाउँ भन्ने विपक्षीकोहरुकोतर्फबाट लिखितजवाफमा जिकिर लिएकोसम्म देखिएको छ।

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) बमोजिम सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी पाउन, त्यस्तो हकको प्रचलन गराउन वा विवादको टुंगो लगाउन यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत निवेदकहरु प्रस्तुत रिट निवेदनमार्फत प्रवेश गरेको देखिएको छ। रिट निवेदनको बेहोराबाट कुनै व्यक्ति विशेषको आघात भएको संविधान वा कानूनप्रदत्त निजी हक वा अधिकारको पुनर्स्थापना वा प्रचलन गराइ पाउन प्रस्तुत निवेदन पर्न आएको नभई सार्वजनिक हक वा सरोकारको विषयको विवादमा वृहत्तर हितको न्याय निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी पाउन, त्यस्तो हकको पुनर्स्थापना वा प्रचलन गराउन वा विवादको टुंगो लगाउन निवेदकहरु अदालत प्रवेश गरेको देखिएको छ।

सार्वजनिक हक वा सरोकारको विषयमा निवेदक अधिवक्ता अर्जुनकुमार अर्यालसमेत विरूद्ध विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत भएको रिट नं. ०७१-WO-०३७१ को परमादेशको रिट निवेदमा "....विधायिकाले १७ वर्षभन्दा पहिले जारी गरेको ऐन कार्यान्वयनमा नल्याइएको विषयलाई केवल कुनै व्यक्तिगत हित, चासो वा सरोकारको विषय ठान्न सकिँदैन। उल्लिखित विषयहरू संविधानद्वारा प्रदत सम्मानपूर्वक बाँच्न पाउने हक, धार्मिक स्वतन्त्रताको हक, स्वच्छ वातावरणको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, उपभोक्ताको हकसँग सम्बन्धित देखिनुका साथै कानूनको यथोचित कार्यान्वयनको विषय पनि देखिन्छन। यो सन्दर्भ लोक कल्याणकारी राज्य व्यवस्था कायम गर्ने अभिप्रायले हाल प्रचलित संविधान र पूर्ववर्ति नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त र नीतिहरूसँग पनि जोडिएको विषय देखिन्छ। रिट निवेदकहरू कोही सांसद भइसकेको व्यक्ति, कोही कानून व्यवसायी अधिवक्ता र कोही पशु कल्याणको क्षेत्रमा कार्यरत सामाजिक अभियन्ता भएको कुरामा विवाद छैन। निजहरूलाई जनसाधारणको चासो र सरोकारको प्रतिनिधित्व गर्न सक्षम नभएको भनी मान्नु पर्ने कुनै कारण देखिँदैन। तसर्थ, रिट निवेदकहरूले सार्वजनिक हित र सरोकारसम्बन्धी प्रस्तुत विषयमा रिट निवेदन लिई अदालतमा प्रवेश गर्न पाउने नै देखिन आउने।(प्रकरण नं.६)" भन्ने न्यायिक सिद्धान्त स्थापित भएकोसमेत देखिएको छ। (ने.का.प.२०७३, अंक: ९,भाग: ५८, नि.नं.९६८६, फैसला मिति२०७३/०४/२०)।

मदिराको उत्पादन, खरिद बिक्री अनियन्त्रित रुपमा भईरहेको र सो को सूचना, विज्ञापन सामाजिक मूल्य मान्यता र मर्यादाविपरीत भएकोले नियन्त्रण हुनुपर्ने भनी दिएको निवेदक अधिवक्ता प्रकाशमणी शर्मा विरुद्ध मन्त्रिपरिषद सचिवालयसमेत भएको सम्वत् २०५३ सालको रिट नं.१९२४ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनलाई सार्वजनिक सरोकारको विवादको रुपमा ग्रहण गरी यस अदालतबाट सरकारको ध्यानाकर्षण गराएको समेत देखिएको छ। यसैगरी जुरी नेपालको तर्फबाट तथा आफ्नो हकमासमेत अधिवक्ता विष्णुप्रसाद पोखरेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौंसमेत भएको ०७४-WO-०३६४ को मदिराको अनुमति नलिई उत्पादन तथा बिक्रीवितरणसमेत भैरहेकोले परमादेशको आदेश जारी गरी पाउँ भनी यस्तै प्रकृतिको विषय भएको रिट निवेदनमा निवेदकहरुको निवेदन दाबीलाई सार्वजनिक सरोकारको विवादको रुपमा ग्रहण गरी मिति २०७५।०५।१८ गते यस अदालतबाट परमादेशको रिट जारी गरेको देखिएको छ। प्रस्तुत रिट निवेदनको विषयमा निवेदकहरुको निजी स्वार्थ, लाभ वा मतलव निहित रहेको भन्ने नदेखिनुकासाथै मदिराको कारणबाट नागरिक, समाज र राष्ट्रलाई पुगेको हानिलाई रोक्ने अभिप्रायले जनसाधारणको चासो र सरोकारको विषयमा सर्वोपरी हित वा भलाईको लागि निवेदकहरुले निवेदन दिएको देखिँदा निवेदन गर्ने विषयमा निवेकहरुको सार्थक सम्बन्ध (Meaningful Relation) र तात्विक सरोकार (Substantial Interest) रहेकै देखियो। व्यक्ति, घटना वा स्थान किटान गरी निवेदन दिएको अवस्थामा कानूनबमोजिम कारवाही हुने वैकल्पिक कानूनी उपचारको उपलब्धता रहेको भन्ने लिखितजवाफकर्ताको जिकिर रहेपनि त्यस्तो कानूनी उपचार जनसाधारणको चासो र सरोकार रहेको प्रस्तुत वृहत्तर हितको विषयमा प्रभावकारी होइन। त्यस्तो कानूनी उपचार संख्यात्मक होला तर समुचा समस्याको समाधान होइन र यस आधारमा सरोकारिक निकाय वा पदाधिकारीले आफ्नो जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिन मिल्ने पनि होइन। तसर्थ निवेदकहरुले प्रस्तुत जनहित र सार्वजनिक हितको विषयमा रिट निवेदन गर्न पाउने नै देखियो।

१८. प्रस्तुत विषय न्याय निरुपणको विषय हो, होइन ? भन्ने प्रश्नतर्फ हेर्दा मदिराको सेवन र त्यसले समाजमा पार्ने असरवारे मानवीय सभ्यतासँगसँगै सनातनदेखि चर्चामा रहेको पाईन्छ।

ऋग्वेदमा 'सोम'लाई उर्जादायी गुण भएको वस्तुको रुपमा वर्णित गरेको पाईन्छ। "अपाम सोमममृता अभूमागन्म ज्योतिरविदाम देवान्। किं नूनमस्मान्कृणवदरातिः किमु धूर्तिरमृत मर्त्यस्य॥" भन्ने समेत उल्लेख भएको देखिन्छ। (ऋग्वेद ८।४८।३॥) यस पंक्ति (ऋचा?) लाई मन्त्रको रुपमा स्वामी दयानन्द सरस्वतीले यसरी अर्थ्याएका छन् "सोम सुन्दर फल हो जो उपभोग्य छ किन्तु मादक होइन, हामी तपाइँको सेवन गर्छौं, तपाइँ जीवनको अमृत हो, जसबाट भगवानको प्रकाश (बुद्धि) या शारीरिक शक्ति पाउछौं, आफ्नो इन्द्रीयलाई वशमा राख्न सक्छौं, यस अवस्थामा, हाम्रो आन्तरिक शत्रुले मेरो के विगार्न सक्छ? भगवान, हिंस्रक मानिसले पनि मेरो के विगार्न सक्छ? ('सोम–विकिपीडिया, एक मुक्त ज्ञानकोश' hi.wikipedia.org/wiki/सोम)। यसलाई स्वर्गीय लताका रस, (विरुवाबाट प्राप्त औषधि) र आकाशीय चन्द्रमा गरी २ अर्थमा हेर्ने गरिएकोसमेत देखिएको छ। (bharatdiscovery.org/india/सोम_रस)। 'रक्सी पिउनेहरु मस्तसँग नग्न भएर एक–आपसमा झगडा गर्छन् तथा व्यर्थका कुरा गर्छन्।'–ऋग्वेद ८।२।१२, 'सुरा र जुवाले व्यक्ति अधर्मतिर प्रवृत्त हुन्छ।'–ऋग्वेद ७।८६।६, 'मांस, रक्सी र जुवा यी तीन निन्दनीय र वर्जित छन्।'–अथर्ववेद ६।७०।१। त्यस्तै शतपथ ५।१।२ का अनुसार सोम अमृत हो त सुरा विष हो, यस विषयमा विचार गर्नु पर्छ।" (https://truthofvedas.blogspot.com/2018/02/blog-post_7.html)।

यद्दपी वेदमा उल्लेख भएको शब्द 'सोमरस' सूरा (सराव) वा अमृत के हो? भन्ने तथ्यमा विवाद रहेको पनि देखिन्छ। "ऋग्वेदको पहिलो मण्डलको ८९७ औँ ऋचामा सोमरसलाई शीतलता प्रदान गर्ने, आनन्द दिने र बल दिने भनिएको छ भने ९०४ औँ ऋचामा 'ऋत्विक्हरूले इन्द्रको प्रसादका रूपमा सोमरस खाँदा साँच्चै नै तृप्त भएर आ-आफ्नो शरीर हल्लाए' भनिएको छ। यहाँ 'खाएर शरीर हल्लाए' भनिएबाट सोमरस मादक पदार्थ हुन सक्ने अनुमान गरिएको हुन सक्छ। त्यस्तै त्यही मण्डलको ९०७ र ९०८ औँ ऋचामा इन्द्रलाई सोमरसले मनग्गे खुसी पारेको हुँदा 'गएर आफ्नी पत्नीसँग पारिवारिक सुख प्राप्त गर' भनिएबाट सोमरस पुष्टिवर्द्धक अति पौष्टिक पेय (औषधि) हो भन्ने अर्थबोध हुन्छ। यसै गरी अन्य ऋचाहरूमा पनि सोमरसलाई बल दिने, मीठो, स्वादिलो आदि विशेषण दिइएको छ।" ( सोमरस भनेको मदिरा नै हो त?।Interdisciplinary Thoughts) (https://kufit.wordpress.com/)। यसप्रकार सोमरस मदिरा (मद्य) अमृत वा औषधि भन्नेमा विवाद रहेपनि सूरा (सराव) को सम्बन्धमा धर्मग्रन्थहरुमा उल्लेख भएका तथ्यहरुबाट यसले तत्कालीन समाजमा समेत नकारात्मक असर पारेको र यसलाई खराव वस्तुको रुपमा हेर्ने गरिएकोमा विवाद देखिँदैन।

राजा जयस्थिति मल्लद्वारा वि.सं.१४३६ मा बनाउन लगाएको मानवन्यायशास्त्रमा "रक्सी खाँदा लागेको ऋण बाबुको भए छोराले र छोराको भए बाबुले तिर्नु पर्दैन। (क्रमाङ्क १०), मादक पदार्थ पिएर मात्तिएको लगायतका अवस्थामा गराईएको लिखत प्रामाणिक मानिंदैन। (क्रमाङ्क ७०), मादक पदार्थको सेवनले मातेको, मदिराविक्रेता समेतका व्यक्ति साक्षी हुन नसक्ने। (क्रमाङ्क९७), रक्सी आदिको मात लागेको व्यक्तिले दिएको दान अदत्त (दान दिएको नमानिने) हुने, दान दिने र लिने दुवै दण्डनीय हुने। (क्रमाङ्क१४५, १४६), विभिन्न प्रकारका मदिराहरुको चोरी गरेमा चोरिएको पदार्थको मूल्यभन्दा पाँचगुना बढी त्यसका चोरलाई दण्ड गर्नू। (क्रमाङ्क ५३३), ब्राम्हणले मदिरा पिएमा उनका शरीरमा खोपेर नमेटिने गरी दाग लगाईदिनू, यो मनुको आदेश हो। (क्रमाङ्क ५४९) " न्यायविकासिनी (मानवन्यायशास्त्र) कानून सहप्रकाशन, कानून व्यवसायी क्लव, काठमाडौं। "www.lawcommission.gov.np।

यसैगरी भीमसम्शेरको पालामा सम्वत् १९८८ साल श्रावण ४ गते रोज १ मा जारी भएको सनदमा याज्ञवलक्यस्मृतिको "गुरुतल्पे भगः कार्यः सुरापाने सुराध्वजः।....इतरे कृयवन्तस्तु पापान्येतान्यकामतः।।सर्वस्वहारमर्हन्ति कामतस्तु प्रवासनम्।।" भन्ने वचन उल्लेख गरेको देखिन्छ, जसको अर्थ हुन्छ प्रायश्चित नगरेको पक्षमा मातृगामीहरुलाई भगचिन्ह, सूरापान गर्नेहरुलाई सुराध्वज चिन्हले डामी सर्वधर्मबाट बहिष्कृत गरी देश निकाला गरी दिनु, प्रायश्चित गरे नडामी देश निकाला गरी दिनु भन्ने सजायको व्यवस्था थियो भन्ने देखिन्छ। (१९८८/१९९३/१९९९ सालको "यसरी निरुत्साहित गरियो मृत्यडण्ड कार्यान्वियनलाई", कानून सहप्रकाशन, कानून व्यवसायी क्लव, काठमाडौं। "www.lawcommission.gov.np), एवम् प्रकारले १८७९ सालको उजीरसिंह थापाको जंगी तथा निजामति स्थिति बन्देजको पहिलो बन्देजको क्रमशः२१, २६ र ३३ औं दफामा "गाफील भै नशामा नरहनू, ड्यूटीमा तैनाथ रहँदा कुनैपनि जवानले नशा खाई लट्ठ भै रहनु हुँदैन।, पहरा चौकीमा हतियार लिई खटिएको बखतमा नशा खाई लट्ठ भै रहनु हुँदैन।" भन्ने उल्लेख गरेकोसमेत देखिन्छ। (www.lawcommission. gov.np)।

मदिराको सेवनले व्यक्तिको प्रतिभा र क्षमतालाई कसरी हानि पुऱ्याउँछ भन्ने सिलसिलामा वेलायतका ट्युडर पादरी तथा प्रसिद्ध लेखक Thomas Bacon (१५११/२?-१५६७) को भनाई यससन्दर्भमा प्रासंगिक र मननीय देखिन्छ, जसलाई भारतीय सर्वोच्च अदालतका न्यायाधीश श्री KRISHNA IYER, V.R. समेतको इजलासले मदिरा सम्बन्धी एक मुद्दाको निर्णय गर्ने क्रममा यसरी उल्लेख गरेको देखिन्छः- "But the wisdom of the ages oozes through Thomas Bacon who wrote: 'For when the wine is in, the wit is out." (P.N.KAUSHAL Etc. vs. RESPONDENT UNION OF INDIA, DATE OF JUDGEMENT:16|08|1978, 1978 AIR 1457, 1979 SCR (1)122)।

यसप्रकार सनातनदेखिको धार्मिक आस्था, नेपालको एकीकरण हुनुभन्दा अघिदेखिको कानूनी अभिलेख तथा विदेशी राष्ट्रहरुको कानून तथा स्थापित नजिरसमेतबाट मद्यपानलाई खराब वस्तुको रुपमा लिने गरेको दृष्टान्त प्रशस्त पाउन सकिन्छ।

यही आलोकमा हेर्दा मदिराको गैरकानूनी उत्पादन, निकासी पैठारी, ओसारपसार, बिक्रीवितरण तथा सेवनले आम नागरिकको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हितमा नकारात्मक प्रभाव पार्नुकासाथै घरेलुहिंसा, कुटपिट, चोरी, भ्रष्टाचार, बलात्कार, गुण्डागर्दी, हत्या, ज्यानमार्ने उद्योगजस्ता जघन्य र नैतिकपतन देखिने फौजदारी कसूर अपराधको वारदात घटाउन, सामाजिक विकृति तथा विसंगति लगायतका नकारात्मक गतिविधिको वृद्धि गराउन, सामाजिक सद्भावमा खलल पुऱ्याउन, व्यक्तिको व्यक्तित्व, प्रतिभा तथा क्षमता, श्रृजनशिलता र रचनात्मकतासमेतमा प्रत्यक्ष तथा परोक्ष रुपमा नकारात्मक असर पुऱ्याएकाले यसले समाजमा पारेको त्यस्ता नकारात्मक प्रभावलाई रोक्न, कम गर्न वा नियन्त्रण गर्न मदिरा ऐन, २०३१ जारी भएको भन्ने ऐन र ऐनको प्रस्तावनाको अध्ययनबाट देखिन्छ।

विधायिकाद्वारा आम नागरिकको सर्वोपरी हित र भलाईको लागि जारी गरिएको निवेदकले निवेदनमा उठाएको खासगरी मदिरा ऐन, अन्तशुल्क ऐन, उपभोक्ता संरक्षण ऐन र यस विषयसंग सम्बन्धित अन्य ऐनहरु र सो अन्तर्गत बनेका नियमको अक्षरसः पालना गरी गराई मदिराको गैरकानूनी उत्पादन, निकासी पैठारी, ओसार पसार, बिक्रीवितरण तथा सेवनमा रोक लगाई, नियमन तथा नियन्त्रण गरी कानूनको प्रभावकारी कार्यान्वयन गराई पाउँ भनी निवेदन दाबी लिएको देखिँदा विधायिकी कानूनको कार्यान्वयन सही वा प्रभावकारी ढंगले भए नभएको भनी न्यायिक परीक्षण गर्ने कार्य (Adjudicating the law) न्यायपालिकाको स्वभाविक कार्यक्षेत्रभित्र पर्ने देखिन्छ। माथि प्रकरण १७ मा उल्लेख

गरिएबमोजिमको जुरी नेपालको तर्फबाट तथा आफ्नो हकमासमेत अधिवक्ता विष्णुप्रसाद पोखरेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौंसमेत भएको ०७४-WO-०३६४ को मदिराको अनुमति नलिई उत्पादन तथा बिक्रीवितरणसमेत भैरहेकोले परमादेशको आदेश जारी गरी पाउँ भनी यस्तै प्रकृतिको विषय भएको रिट निवेदनलगायतका यस्ता प्रकृतिका विभिन्न विवादहरुको रोहमा यस अदालतबाट न्याय निरुपण भैसकेकोसमेत देखिएकोले प्रस्तुत निवेदनमा उठाएको घरेलु मदिरा (निजी उपयोगका लागि बनाएको मदिरासमेत) को रोक लगाउने, नियमन तथा नियन्त्रण गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने विषय न्याय निरुपको विषय होइन भनी मान्न मिल्ने देखिन आएन।

१९. निवेदन दाबीबमोजिम घरेलु मदिरा (निजी उपयोगका लागि बनाईने जाँड र रक्सीसमेत) को व्यावसायिक प्रयोजनले भैरहेको उत्पादन, ओसारपसार, बिक्रीवितरण एवम् सेवनलाई प्रचलित कानून बमोजिम सरोकारवाला कानून कार्यान्वियन गर्ने निकायबाट रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने वा कानूनबमोजिम कारवाही गर्ने लगायतका कार्यहरु भएको छ, छैन ? भन्ने प्रश्नतर्फ हेर्दा कानूनको सापेक्षतामा भएको सामाजिक व्यवहार, साँस्कृतिक रीतिरिवाज, सामाजिक मूल्य र मान्यता तथा सामाजिक सद्भावलाई कानूनले मान्यता दिएको हदसम्म अन्यथा भन्नुपर्ने अवस्था रहँदैन। मदिरा ऐन, २०३१ को दफा ७ मा " यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन '' भनी र मदिरा नियमहरु, २०३३ को नियम ७ को देहाय (घ) मा " कुनै व्यक्तिले निजी उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन," अनुमति लिनुनपर्ने "तर (१) यसरी रक्सी र जाँड बर्षको ६ पटक भन्दा बढी बनाउन पाईने छैन।(२) यसरी रक्सी र जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तशुल्क अधिकृतलाई दिनु पर्नेछ।" भन्ने र सोही नियममा भएको "कुटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्न, कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथमा तीन वोतलसम्म रक्सी र बाह्र वोतलसम्म वियर लिई आउन र नमूना परीक्षण तथा अध्ययन अनुसन्धानका लागि विभागले तोकेको परिमाणसम्म पैठारी गर्न पाउने" भन्ने भएको कानूनी व्यवस्थाको सम्बन्धमा निवेदनमै उल्लेख गरेको देखिएकोले निजी प्रयोजनका लागि बनाईने रक्सी वा जाँड सो बनाएको कुराको जानकारीको अन्तशुल्क अधिकृतलाई सूचना दिनुपर्ने भन्ने कानूनी व्यवस्थाको पालना नभएको भन्नेबाहेक यसतर्फ रिट निवेदकले कुनै पश्न उठाएको नदेखिएकोले यस सम्बन्धमा थप अरु विवेचना गरी रहनु पर्ने देखिँदैन।

निजी प्रयोजनबाहेक गैरकानूनी रुपमा कट, थोत्रालुगा, मोजा, टायर, प्रयोग भईसकेका कण्डम, प्रयोग भइसकेका सेनेटरी प्याड, बच्चाको सालनाल, सिनोजस्ता वस्तुहरुलाई प्रयोग गरी घरेलु मदिरा बनाउने र त्यस्ता विषाक्त घरेलु मदिराको व्यापारिक प्रयोजनले उत्पादन, ओसार पसार, सञ्चय, बिक्रीवितरण र सेवन भै रहेकोमा कानूनबमोजिम सोको प्रभावकारी रुपमा रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने कार्य नभएको भन्ने निवेदन जिकिर रहेको सम्बन्धमा विभागस्तरमा आन्तरिक राजस्व विभागको उपमहानिर्देशकको संयोजकत्वमा १६ सदस्यीय समिति तथा अवैध मदिरा नियन्त्रणको प्रभावकारी कार्यान्वयन गर्न जिल्लास्तरमा आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय/कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुखको संयोजकत्वमा ६ सदस्यीय समितिको व्यवस्था गरेको छ, आ.व.०७४/७५ देखि आ.व. ०७५/७६ को बैशाख महिनासम्म ४३ पटक अवैध मदिरा नियन्त्रण समितिको बैठक बसेको। १,०७,६५० लिटर अवैध मदिरा नियन्त्रणमा लिइएको, २०९ कार्टुन २३८७ बोतल विभिन्न व्राण्डका मदिरा जफत गरेको, मदिरा बनाउन प्रयोग गर्ने ६८,९४५ लिटर कच्चा पदार्थ जफत गरेको, २ कार्टुन ६५ बोतल बियर जफत गरेको, अन्तःशुल्क सम्बन्धी मुद्दा संख्या 16८ रहेको,

रु.११,४०,६२०।– जरिवाना गरेको, रु.१८,४६०.०० धरौटी वापत जम्मा गरेको र १ थान अटोमोबाइल, १ थान मोटरसाइकल र ७ थान साइकल जफत गरेको भन्ने राजश्व विभागको लिखित जवाफ रहेको देखिन्छ। विपक्षी निवेदकले घरेलुमदिरा नियन्त्रण गरी आमनागरिकको जीउज्यान, स्वास्थ्य सम्पत्ति रक्षा गरी आमसमाजमा सुशासन र अमनचयन कायमगर्ने सम्बन्धमा यस मन्त्रालय समेतलाई ध्यानाकर्षण गराई दर्ता नं. २०१९ मिति २०७५।५।२७ मा दिएको निवेदनउपर आवश्यक कारवाही गर्न नियमन निकाय आन्तरिक राजस्व विभागमा यस मन्त्रालयको च.नं. २५८ मिति २०७५।५।२९ को पत्रबाट लेखी पठाई सकिएको छ भन्ने अर्थ मन्त्री र अर्थ मन्त्रालयको तर्फबाट पेस गरेको लिखित जवाफबाट देखिएको छ।

विगत तीन आर्थिक बर्षदेखि हालसम्म तयारी मदिरा ४,०३,७७० लिटर र कच्चा पदार्थ_(१,६६,५८० के.जी. र १०,५०,३४७ लिटर) र मानिस (पुरुष १००, महिला ५५) लाई पक्राउ गरी मदिरा ऐन, २०३१ को दफा १५ को (क) बमोजिम अन्त:शुल्क कार्यालयमा कारवाहीको लागि बुझाएको भन्ने प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग, अभिलेख तथा विश्लेषण शाखाको अभिलेखबाट देखिन्छ भन्ने प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ रहेको देखिएको छ। रिट निवेदकले उल्लेख गरेको विषयलाई सम्बोधन गर्नको लागि मदिरा उत्पादन र बिक्रीवितरणको नियन्त्रण तथा हानिकारक सेवन नियन्त्रण सम्बन्धी कार्यकारी आदेश तर्जुमाको लागि आवश्यक काम हुँदै आइरहेको र निवेदकले उठाएको विषयवस्तुमा गृह मन्त्रालय संवेदनशील रहेको भन्ने गृहमन्त्री र गृहमन्त्रालयको लिखित जवाफ रहेको देखिएको छ।

जहाँसम्म त्यस्तो कसूर अपराध नियन्त्रण हुन सकेको छैन भन्ने निवेदन जिकिर सम्बन्धमा कसूर अपराधरहित समाज आम मानवजातिको अपेक्षा हो। विषाक्त घरेलु मदिराको सेवनबाट नेपाली समाजमा मानिसहरुको ज्यान गएको, विभिन्न अपराधका घटनाहरु घट्ने गरेको, विकृति विसंगति बढेको भन्ने विविध सञ्चार माध्यमबाट थाहा जानकारीमा आउने गर्दछ। बारम्बार त्यस्ता खबर आईरहने हुँदा यस विषयमा कुनै ठोस अनुसन्धान वा सोको प्रतिवेदन नरहेपनि घरेलु मदिरासंग सम्बन्धित कानून कार्यान्वयन गर्ने सरोकारिक निकायबाट रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने तथा कानूनबमोजिम कारवाही गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सन्तोष गर्ने अवस्था रहेको भने देखिँदैन। यस विषयमा कानून कार्यान्वयन गर्ने सरोकारिक निकायको अहम जिम्मेवारी त रहने नै भयो यसकासाथसाथै राजनैतिक नेतृत्व, दबाब समूहरु, नागरिक समाज, सामाजिक संघ संगठनहरु लगायतका समाजका हरेक तह र तप्काबाट यसका लागि सकारात्मक र श्रृजनात्मक भूमिका अपेक्षित छ। घरेलु मदिरा तथा विषाक्त मदिराको नकारात्मक प्रभावबाट समाजलाई मुक्त राख्न सामाजिक अभियानकै रुपमा हाम्रा कार्यपद्दतीहरु सञ्चालन गर्नुपर्ने जरुरी देखिएको छ। कानून कार्यान्वयन गर्ने राज्यका संरचनाहरु माथि लिखितजवाफमा उल्लेख गरिएबमोजिम जिल्लाको सदरमुकामसम्म रहेको भन्ने देखिन्छ। यस्ता राज्यको कानूनी संरचना कम्तीमा स्थानीय तहको वडास्तरसम्म विस्तार गरी त्यस्ता संरचनाबाट भएका कामकारवाहीको जिम्मेवार निकायमा आवधिक रुपमा प्रतिवेदन दिने तथा त्यस्ता प्रतिवेदन प्रकाशन गर्नुपर्ने प्रभावकारी कानूनी व्यवस्था निर्माण गर्नुपर्नेसमेत देखिएको छ।

तथापी उल्लिखित लिखित जवाफ तथा स्वयम् निवेदकको कहिलेकाही नेपाल प्रहरीबाट घरेलुमदिरा उत्पादन स्थलमा छापा मारी मदिरा नष्ट गरेको भन्ने गरिए तापनि त्यस्तो कसूर अपराध नियन्त्रण हुन सकेको छैन भन्ने रिट निवेदनको प्रकरण ५ को अन्तिम हरफमा रिट निवेदकले उल्लेख गरेको देखिएकोसमेत हुँदा घरेलु मदिराको व्यावसायिक प्रयोजनले भैरहेको उत्पादन, ओसारपसार, बिक्रीवितरण एवम् सेवनलाई प्रचलित कानून बमोजिम सरोकारवाला

कानून कार्यान्वयन गर्ने निकायबाट रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने वा कानूनबमोजिम कारवाही गर्ने लगायतका कार्यहरु भईरहेकै देखिन आयो।

२०. निवेदन मागबमोजिम प्रतिषेध, परमादेशलगायतको आदेश वा पुर्जी जारी गर्नुपर्ने हो वा होइन ? भन्ने प्रश्नतर्फ हेर्दा जुरी नेपालको तर्फबाट तथा आफ्नो हकमासमेत अधिवक्ता विष्णुप्रसाद पोखरेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार काठमाडौंसमेत भएको ०७४–WO-०३६४ को परमादेशको आदेश जारी गरी पाउँ भनी यस्तै प्रकृतिको विषय भएको रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७५।०५।१८ गते देहाय बमोजिम गर्न परमादेशको आदेश जारी भएको देखिएको छः–

"१.कुनै पनि प्रकारको मदिराको अनुमति नलिई उत्पादन, बिक्रीवितरण निकासी पैठारी गर्न नपाइने, न्यूनतम उमेरको हद पूरा नगरेकोलाई बिक्री गर्न नपाइनेसमेतको विद्यमान ऐन नियम निर्देशिकाहरूको कानूनी व्यवस्थाको प्रभावकारिता बढाउन संरचनागत सुधार गरी जवाफदेही बनाउने।

२. मदिरा र सोको कारण हुने गरेको लैङ्गिक हिंसाको वृद्धि तथा प्रोत्साहनलाई न्यूनीकरण गर्न आवश्यक देखिएकोले त्यसप्रकारको मूल कारक तत्त्व र सोको प्रभाव स्वरूप हुने लैङ्गिक हिंसाको अन्तरसम्बन्धमा जनचेतना जगाउन जनचेतनामूलक सूचनाको प्रचार प्रसार गर्ने, बोर्डहरूमा लेख्न लगाउने। मदिराको असर र स्वास्थ्यमा पर्ने असरबारे विद्यालयमा पठन पाठन हुने व्यवस्था मिलाउने।

३. धार्मिक तथा विशेष महत्त्वका क्षेत्र तोकी मदिरा उत्पादन बिक्रीवितरण निषेध गर्ने र उक्त क्षेत्र एवं विशेष महत्त्वका दिनहरू र समयमा मदिराको बिक्रीवितरण गर्न नपाउने गरी आवश्यक बन्दोबस्त र व्यवस्थापन गर्ने, सो सम्बन्धमा मौजुदा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नू।

४. अवैध, हानिकारक वा मन्द विषयुक्त वा विषालु मदिराको उत्पादनलाई नियन्त्रण गर्ने, अल्कोहलको मात्रा वा मापदण्डको आधारमा मदिराजन्य वस्तु उत्पादन वा आयातलाई नियमन नियन्त्रण गर्ने गर्नू।

५. कुनै व्यक्तिले अनुमति पत्रबेगर र अनुमति पत्र पाएकोले पनि अनुमति पत्रमा तोकिएको सर्तबमोजिम बाहेक मदिरा बिक्रीवितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेन्ट वा पसल थाप्न नपाउने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नु।

६. सार्वजनिक सडक, बाटो, अर्काको निजी आवास र सार्वजनिक क्षेत्र नै दुर्गन्धित हुने गरी जाँड रक्सी उत्पादन तथा रातको समयमा होहल्ला हुने गरी बिक्रीवितरण गर्ने एवं उपयोग गरी वातावरण अमैत्री वा दुर्गन्धित पार्ने, शान्ति सुव्यवस्था वा अमनचयनमा खलल पार्ने वा सार्वजनिक हित वा स्वास्थ्य वा असल छिमेकीपन विपरीतको कार्यलाई नियमन नियन्त्रण गर्नू।

७. उमेर नपुगेका व्यक्ति, निश्चित अवधिको गर्भवती महिलाले मदिरा बिक्रीवितरण तथा सेवन गर्ने वा मात्रा तोक्नेसमेतका कार्यलाई नियन्त्रण नियमन गर्नू।

८. मदिरा सेवन गरी सार्वजनिक स्थानसमेतमा महिलामाथि यौन दुर्व्यवहार तथा सार्वजनिक स्थलमा अश्लिलता प्रदर्शन गर्ने, कसैको इज्जत प्रतिष्ठा वा सम्पत्तिमा क्षति पुग्ने कार्यलाई कानूनबमोजिम नियन्त्रण वा नियमन गर्नू।

९. विषालु वा गुणस्तरहीन मदिरा नियन्त्रण गर्ने र त्यस प्रकारका गैरकानूनी उत्पादन बिक्रीवितरण ओसारपसारसमेतको कारण उपभोक्ताको हित, सर्वसाधारणको स्वास्थ्य र सार्वजनिक हित प्रतिकूलको काम कार्य भई क्षति पुगेमा क्षतिपूर्ति पाउनेसमेतको थप प्रभावकारी कानूनी व्यवस्था गर्नू।

१०.खास समय तोकी त्यसपछि मदिरा बिक्रीवितरण गर्न नपाइने गरी मदिराको सेवनलाई नियन्त्रण व्यवस्थापन मिलाई मौजुदा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नू।

११.मदिरा तथा मदिराजन्य वस्तुको बिक्रीवितरणलाई प्रवर्द्धन गर्नको लागि अवाञ्छित तवरले नैतिकता प्रतिकूल हुने गरी महिलालाई भोग्य वस्तुको रूपमा चित्रित गर्ने वा अश्लिलता देखिने कुनै पनि विज्ञापनको उत्पादन प्रचार प्रसार रोक्ने सम्बन्धमा प्रभावकारिता ल्याउनू।

१२.अनुमति नलिई उत्पादन तथा बिक्रीवितरण गर्न नपाइने, न्यूनतम उमेरको हद पूरा नगरेकालाई बिक्री गर्न नपाइनेलगायतका विद्यमान मदिरासम्बन्धी ऐन, नियमहरू र निर्देशिकाअन्तर्गत रहेका नियन्त्रणात्मक व्यवस्थाहरूको प्रभावकारी पालना भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन, निरीक्षण, सुपरीवेक्षण गर्नु गराउनू।" (ने.का.प.२०७६, भाग ६१, अंक २, नि.नं.१०१८६)।

यसप्रकार निवेदकले निवेदनमा घरेलु मदिराको व्यावसायिक प्रयोजनको लागि भैरहेको उत्पादन, ओसारपसार, बिक्रीवितरण, सञ्चय तथा सेवनमासमेत रोक लगाई उक्त मदिराको नियमन, नियन्त्रण गरी कानूनको प्रभावकारी कार्यान्वयन गरी पाउँ भन्ने उल्लेख गरी दिएको निवेनको प्रकृतिसंग मेलखाने विषयको रिट निवेदनमा यस अदालतबाट उल्लेख गरिएबमोजिम परमादेशको आदेश जारी भै सकेको र माथि प्रकरण १९ मा उल्लेख गरिए अनुसार प्रचलित कानून बमोजिम सरोकारवाला कानून कार्यान्वयन गर्ने निकायबाट रोक लगाउने, नियमन गर्ने, नियन्त्रण गर्ने वा कानूनबमोजिम कारवाही गर्ने लगायतका कार्यहरु भईरहेकै देखिँदा सोही प्रकृतिको विषयमा पुनः प्रतिषेध, परमादेशलगायतको आदेश वा पुर्जी जारी गरीरहनुपर्ने अवस्था देखिन आएन।

२१.तसर्थ माथि विवेचना गरिएका आधार र कारणहरुबाट रिट निवेदन मागबमोजिमका विषयमा परमादेशको आदेश जारी भई सकेको देखिएको र विषाक्त घरेलु मदिराको व्यवसायिक प्रयोजनको लागि हुने गरेको उत्पादन, ओसारपसार, बिक्रीवितरण तथा सेवनमासमेत रोकथाम, नियमन तथा नियन्त्रणको लागि सरोकारिक निकायबाट कानूनबमोजिम कारवाही गर्ने लगायतका कार्यहरु भईरहेको देखिएको हुँदा निवेदन मागबमोजिमको आदेश वा पुर्जी जारी गरिरहन पर्ने अवस्था नदेखिएकोले रिट निवेदन खारेज हुने ठहर्छ।

तथापी रिट निवेदकले निवेदनमा दाबी गरेबमोजिम घरेलु मदिराको गैरकानूनी उत्पादन, बिक्रीवितरण, ओसारपसार, सञ्चय तथा सेवन यथावत रही नियमन तथा नियन्त्रण सम्बन्धमा कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्ने तथ्य हालसम्म पनि विद्यमान रहेको परिप्रेक्षमा देहायबमोजिम गर्न निर्देशात्मक आदेश जारी गरिएको छः–

१. उल्लिखित ०७४–WO-०३६४ को परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदनमा यस अदालतबाट जारी भएको परमादेशको आदेशको कार्यान्वयनको अवस्था के कस्तो रहेको छ? तथा प्रस्तुत आदेशसमेतको प्रभावकारी कार्यान्वयनको लागि आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयमार्फत सरोकारिक निकायमा पठाउनू र सोको आवश्यक पहल तथा समन्वयको लागि फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल काठमाडौंलाई लेखी पठाई यस अदालतको अनुसन्धान तथा योजना महाशाखालाई समेत जानकारी दिनू ।

२. मदिरा ऐन, २०३१ को दफा ७ मा निजी उपयोगको निमित्त तोकिएको परिमाणमा अनुमतिपत्र नलिई रक्सी वा जाँड बनाउन पाउने व्यवस्था गरेकोमा मदिरा नियमहरु, २०३३ को नियम ७ मा एक पटकमा ५ लिटरसम्म रक्सी र १० लिटरसम्म जाँड वर्षको ६ पटकसम्म बनाउन पाउने

व्यवस्था गरी यसरी रक्सी वा जाँड बनाउँदा सोको सूचना अन्तशुल्क अधिकारीलाई दिनुपर्ने व्यवस्था गरेको छ। यो कानूनी व्यवस्थाको परिपालनाका लागि प्रभावकारी अनुगमनको व्यवस्था गरी सूचना नदिई रक्सी वा जाँड उत्पादन गर्ने कार्यलाई निरुत्साहित गर्नू।

३. एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन वर्षमा ६ पटकसम्म पाउने भनी कानूनले गरेको व्यवस्था अनुरुप नै सूचनादाताहरुले उत्पादन गरे नगरेको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनू।

४. इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गरेको छ वा छैन भन्ने प्रभावकारी अनुगमन गरी कानूनको कार्यान्वयनलाई प्रभावकारी बनाउनू।

५. मदिरा सेवन त्यसमा पनि विषालु र गुणस्तरहीन मदिराको सेवनले स्वास्थ्यमा नकारात्मक असर पार्ने मात्र होइन ज्यानसमेत जानसक्छ भन्ने विषय समावेस गरी मदिरा सेवनलाई निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रम स्थानीय तहका वडास्तरसम्म प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनू।

प्रस्तुत आदेशको विद्युतीय प्रतिलिपि अभिलेख गरी निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार गर्न मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

---------

न्यायाधीश

(हरिकृष्ण कार्की)

उक्त रायमा सहमत छु।

---------

न्यायाधीश

(बमकुमार श्रेष्ठ)

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर अपरेटर: रवि दुवाल

इति सम्वत् २०७६ साल माघ ५ गते रोज १ शुभम् .........................................।